# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१ ) काठमाडौं, असोज २८ गते २०४८ साल ( संख्या २७


## भाग ३

### श्री ५ को सरकार
### मन्त्रिपरिषद् सचिवालयको सूचना

श्री ५ को सरकार (कार्य विभाजन) नियमावली, २०४७ को नियम ४ को प्रतिबन्धात्मक वाक्यांशले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले उक्त नियमावलीको अनुसूची २ को शीर्षक नं. ८ गृह मन्त्रालयको क्रमसंख्या ३५ मा रहेको "अख्तियार दुरुपयोग अनुसन्धान आयोग र विशेष प्रहरी विभाग सम्बन्धी" भन्ने शब्दहरू झिकी सो को सट्टा "विशेष प्रहरी विभाग सम्बन्धी" राखी सोही अनुसूचीको शीर्षक नं. १ मन्त्रिपरिषद् सचिवालयको क्रमसंख्या ७ पछि क्रमसंख्या ८ थपी "अख्तियार दुरुपयोग अनुसन्धान आयोग सम्बन्धी" भन्ने शब्दहरू राखेको छ ।

आज्ञाले,<br>
दामोदरप्रसाद गौतम<br>
श्री ५ को सरकारको मुख्य सचिव

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी घरेलु उद्योगमा दर्ता भएका आलमुनियम उद्योगहरूले पैठारी गर्ने कच्चा पदार्थमा लाग्ने बिक्रीकर सम्बन्धित विभागको सिफारिशमा पूर्णरुपले छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,<br>
नारायणराज तिवारी<br>
श्री ५ को सरकारको का. मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।